**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- भारतीय सेनाका डिजीएमओ ले अपरेशन सिन्दुरको जानकारी गराउँदै भारतले पाक आधारित आतंकीहरूलाई लक्षित गरी गरेका हमलामा ३ प्रमुख र अन्य एकसय भन्दा बढ़ी आतंकीहरूलाई मारिएको बताउनुभयो।
- पाकिस्तानद्वारा युद्ध विरामको उल्लंघन गरिएको खण्डमा भारतका सेना प्रमुखले तत्काल जवाबी कारवाही गर्न सैन्य कमाण्डरहरूलाई पूर्ण छूट दिनुभएको छ।
- युद्ध विरामबारे रूसले दिएको वाार्ताको प्रस्तावको युक्रेनका राष्ट्रपति जेलेन्सकीले स्वागत जनाएका छन्। श्री लंकामा आज भव्य रूपले बुद्ध पूर्णिमा पालन गरिन्दैछ।
- राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति जगदीप धनखड़ले आज बुद्ध पूर्णिमाको पावन अवसरमा सबै देशवासिहरूलाई शुभकामना दिनु भएको छ।

**रात्रि समग्र डीजीएमओ ब्रीफिंग**

भारतीय सेनाका सैन्य संचालन महानिदेशक - डीजीएमओ लेफ्टिनेंट जनरल राजीव घईले एक सम्वाददाता सम्मेलनमा हिजो भन्नु भयो - ऑपरेशन सिंदूर बमोजिम पाकिस्तान र पाकिस्तानको कब्जामा रहेको जम्मू.कश्मीरमा नौ वटा आतंकी ठेकानाहरूमाथि सठिक हमला गरियोए जसमा १०० भन्दा बढी आतंकवादीहरूलाई मारियो। हिजो साँझ नयाँ दिल्लीमा मीडियालाई जानकारी गराउँदै डीजीएमओले भन्नु भयो – मारिएकाहरूमा आतंकीहरूको प्रमुखहरू यूसुफ अजहरए अब्दुल मलिक रऊफ र मुदासिर अहमद जस्ता एकदमै खतरनाक आतंकी शामेल छन्ए जो आईसी ८१४ विमान अपहरण र पुलवामा विस्फोटमा शामेल थिए। उहाँले अझ भन्नु भयो ऑपरेशन सिंदूरको संकल्पना आतंकवादको अपराधिहरू तथा यसको योजनाकारहरूलाई दंडित गर्नु साथै उनिहरूको आतंकी ढांचाहरूलाई पूर्णरूपले नष्ट गर्ने स्पष्ट सैन्य उद्देश्यका साथ गरिएको थियो। ऑपरेशन सिंदूरद्वारा सीमा पारि रहेको आतंकी र आतंकी संरचनाहरूमाथि धेरै मेहनत अनि सूक्ष्मताका साथ निशाना लगाइयो। यसमा आतंकी शिविरहरू र उनिहरूको प्रशिक्षण स्थलहरूलाई निशाना बनाइयो।

एसबी डीजीएमओद्ध

डीजीएमओले अझ भन्नु भयो उहाँले हिजो दिउँसो पाकिस्तानी समकक्षी सित कुरा गर्नु भयोए जसले युद्धको स्थितिलाई समाप्त गर्ने प्रस्ताव दिए। डीजीएमओले भन्नु भयो – यस कुराकानीको परिणामस्वरूप दुवै पक्षद्वारा सीमा वारीपारीबाट गोलीबारी र हवाई घुसपैठ बंद भयो। दुवै पक्षले आज दिउँसो १२ बजी फेरी कुराकानी गर्ने निर्णय गरेका छन् जसले यस समझदारीलाई लामो समय सम्म कायम राख्ने प्रकारहरूमाथि छलफल गर्न सकियोस। यद्यपी लेफ्टिनेंट जनरल राजीव घईले यस विषयमा निराशा पनि व्यक्त गर्नु भयो कि पाकिस्तानी सेना युद्ध विरामको घोषणाको केहि घण्टा पछि सीमा पारि र नियंत्रण रेखामा फेरी गोलीबारी र फिर ड्रोन घुसपैठ शुरू गरेको थियो जो युद्ध विराम सहमतिको घोर उल्लंघन थियो। उहाँले कठओर चेतावनी दिनु भयो कि यदि फेरी पनि युद्ध विरामको उलंघन गरिएको खण्डामा भारतद्वारा ठूलो र भाषण प्रहार गरिने छ।

.............................. बाइट.......... उलंघन......

डीजीएमओले स्पष्ट रूपमा चेतावनी दिन्दै भन्नु भयो कि सेना प्रमुख जनरल उपेंद्र द्विवेदीले पाकिस्तानको तरफबाट कुनै पनि उल्लंघन गरिएको खण्डमा तत्काल जवाबी कार्रवाई गर्न सेनाका कमांडरहरूलाई पूर्ण अधिकार दिनु भएको छ। डीजीएमओले ऑपरेशन सिंदूरमा ज्यान गुमाउने सशस्त्र बलका पांच शहीदहरू र नागरिकहरूलाई पनि श्रद्धांजलि दिनु भयो।

पाकिस्तानको कतिवटा लडाकु विमानहरूलाई खसालियो भन्ने सोधिएको एक प्रश्नको उत्तरमा वायु संचालन महानिदेशक एयर मार्शल एण केण भारतीले भन्नु भयो दुश्मनको विमानहरूलाई भारतको सीमा भीत्र प्रवेश गर्न देखि रोकियो तथा दुश्साहस गर्ने केहि विमानहरूलाई निश्चित रूपमा क्षेपयास्त्रहरूद्वारा खसालियो।

....... बाइट ;एयर मार्शल एके भारती ....................

एयर मार्शल भारतीले यो पनि भन्नु भयो कि वायु सेनाले आफ्नो उद्देश्य हासिल गरि सबै पाइलट सुरक्षित घर फर्केर आए।

ऑपरेशन सिंदूर बारे जानकारी दिन्दै लेफ्टिनेंट जनरल राजीव घईले भन्नु भयो अपरेशन सिन्दुरमा केवल आतंकवादिहरूलाई लक्ष्य बनाउनुमा सीमित थिएन तर अन्य कसैलाई कुनै क्षति न होस त्यलाई सुनिश्चित गरिएको थियो। श्री घईले अझ भन्नु भयो कि दुश्मनको अनिश्चित र आतिएको कुरा उसको प्रतिक्रियामा स्पष्ट थियो जसले भारतका नागरिकहरूए आबादी भएका गांवहरू अनि धार्मिक स्थलहरूलाई लक्ष्य गरि हनाल गर्न थालेको थियोए जसले गर्दा कैयन आम मानिसहरूको ज्यान गयो।

एसबी डीजीएमओद्ध

एयर मार्शल भारतीले भन्नु भयो दुश्मनको हथियारहरूलाई सफलतापूर्वक रोकन् सकियो। उहाँले स्पष्ट गर्दै भन्नु भयो कि भारतले पाकिस्तानमा रहेका आतंकवादिहरूलाई निशाना बनायोए तर पाकिस्तानले भारतको नागरिक र सैन्य ठेकानहरूलाई लक्ष्य गरि हमला गर्यो। एयर मार्शल भारती भन्नु भयो पाकिस्तानको नापाक गतिविधिको जवाफ दिन्दै त्यसै दिनको राती त्वरित र सुनियोजित प्रतिक्रिया दिन्दै लाहौर र गुजरांवालामा पाकिस्तानी रडार प्रतिष्ठानहरमाथि हमला गरियो। भारतको जवाबी कारवाहीमा पाकिस्तानका ३५ देखि ४० सैन्य कर्मिहरू मारिएको समेत बताउनु भयो।

**<u>एनडीएमए- एडवाइजरी</u>**

राष्ट्रीय आपदा प्रबंधन प्राधिकरणले कुनै पनि अज्ञात विस्फोटक सामग्री देखि टाड़ा रहने मानिसहरूलाई परामर्श जारी गरेको छ। यस्ता सामाग्री खतरनाक र प्राणघातक हुन सक्ने बताइएको छ। प्राधिकरणले कुनै पनि अज्ञात सामग्रीको सूचना तत्काल स्थानीय प्रशासनलाई दिने सुझाव पनि दिएको छ।

**<u>रूस-युक्रेन वार्ता</u>**

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मई १५ तारिख बिहीबार टर्किमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई भेट्ने बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उनलाई पुटिनको प्रत्यक्ष वार्ताको प्रस्ताव तुरुन्तै स्वीकार गर्न आग्रह गरेका थिए। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले मई १५ तारिख टर्कीमा युक्रेनसँग प्रत्यक्ष वार्ताको प्रस्ताव गरेका छन्। केही घण्टा अघि मात्र युक्रेनी र युरोपेली नेताहरूले सोमबारदेखि सुरु हुने ३० दिने बिनाशर्त युद्धविरामको लागि आह्वान गरेका थिए। युक्रेन, बेलायतए,फ्रान्स, जर्मनी र पोल्याण्डका नेताहरूले शनिबार युक्रेनको राजधानी कीभमा भने कि यदि प्रस्तावमा सहमत नभए रुसले नयाँ प्रतिबन्धहरूको सामना गर्नुपर्ने हुन सक्छ। यसका साथै युक्रेनलाई सैन्य सहयोग बढाउने धम्की पनि दिइएको थियो।

**<u>अमेरिका-इरान वार्ता</u>**

इरानको आणविक कार्यक्रममा अमेरिका र इरानबीच चौथो चरणको वार्ता आज ओमानको राजधानी मस्कटमा सम्पन्न भयो। यसमा दुवै पक्ष फेरि भेट्न सहमत भएका छन्। मध्यपूर्वका लागि अमेरिकी राजदूत स्टिभ विटकफले मस्कटमा भएको वार्ता सन्तोषजनक रहेको बताउनुभयो भने इरानका विदेशमन्त्री अब्बास अराघचीले वार्तालाई "कठिन तर उत्पादक" भन्नुभयो अमेरिकाले इरानले आणविक हतियार विकास गर्नबाट बच्न युरेनियम संवर्धन बन्द गर्नुपर्नेमा जोड दिएको छ। तर इरानले आफ्नो त्यस्तो कुनै उद्देश्य नरहेको बताए। आइतबार, इरानले फेरि जोड दियो कि उसको आफ्नो आणविक कार्यक्रम त्याग्ने कुनै मनसाय छैन

**<u>श्रीलंका वेसाक महोत्सव</u>**

श्रीलङ्कामा आज बौद्ध धर्मावलम्बीको सबैभन्दा पवित्र दिन वैशाख पोया मनाइँदैछ भने नुवारा एलियामा राजकीय वैशाख पर्व मनाइँदैछ । यो कार्यक्रम गौतम बुद्धको जन्मए आत्मज्ञान र परिनिर्वाणको सम्झनामा मनाइन्छ र यसलाई गहिरो आध्यात्मिक भक्ति र जीवन्त सार्वजनिक प्रदर्शनको साथ टापुभरि मनाइन्छ। श्रीलङ्काको पहाडी शहर नुवारा एलियामा वेसाक पर्व मनाउन हजारौं भक्तजनको भीड लागेको छ । मन्दिरए गल्ली र घरहरूलाई रङ्गीचङ्गी लालटेन र पण्डालले सजाइएको छ जसमा बुद्धको जीवनका

दृश्यहरू चित्रण गरिएको छ। श्रीलङ्काका राष्ट्रपति अनुरा कुमारा दिसानायकेले बौद्ध धर्म सन् २५६९ को उपलक्ष्यमा सप्ताहव्यापी वैशाख महोत्सवको शनिबार उद्घाटन गर्नुभयो । सो अवसरमा ऐतिहासिक धार्मिक स्थलको पहिचानका लागि स्मारिका टिकट जारी गर्नुका साथै ३श्री सन्नास पत्र३ प्रदान गरिएको थियो । सरकारले मे १० देखि १६ सम्मलाई प्रदेश वैशाख सप्ताहघोषणा गरेको छ । उत्सवको एक भागको रूपमाए टापुभरि ८ए५०० भन्दा बढी अस्थायी स्टलहरू वा दंसल दर्ता गरिएको छए जसले नि: शुल्क खाना र जलपान प्रदान गर्दछ।

**उपराष्ट्रपति- बुद्ध पूर्णिमा**

उपराष्ट्रपति जगदीप धनखड़ले आज बुद्ध पूर्णिमाको पावन अवसरमा सबै देशवासिहरूलाई शुभकामना दिनु भएको छ। आफ्नो संदेशमा उपराष्ट्रपतिले भन्नु भएको छ - यो पवित्र दिन भगवान बुद्धको जन्म, ज्ञान प्राप्ति र महापरिनिर्वाणको प्रतीक हो। भगवान बुद्धको गहिरो ज्ञान चुनौतीपूर्ण समयमा हाम्रो लागि ध्रुव ताराको रूपमा कार्य गर्द छ भनि उपराष्ट्रपतिले भन्नु भएको छ। उहाँले अझ भन्नु भयो भगवान बुद्धको अहिंसा, दया र मध्यम मार्गको संदेश आजको विश्वमा व्यक्ति अनि समग्र मानवता दुवैका लागि पहिलेको भन्दा आज धेरै प्रासंगिक भएको छ।
उपराष्ट्रपतिले भन्नु भयो - गौतम बुद्धका शिक्षाहरूले सबैलाई अझ बढी शांतिपूर्ण, दयालु र सामंजस्यपूर्ण समाज बनाउने दिशामा मार्गदर्शन गर्द छन् हैं।

**तिब्बत भूकंप**

आज भारतीय समयानुसार बिहान २ बजेर ४१ मिनटमा तिब्बतमा रिक्टर स्केल ५ए७ तीव्रताको भूकंप आएको छ । सम्पूर्ण क्षेत्रमा भूकंपको झटका महसूस गरिएको छ । यद्धपि ए अहिले सम्म कुनै नुकसान अथवा चोटको कुनै खबर आएको छैन । भारतका राष्ट्रीय भूकंप विज्ञान केंद्र (एनसीएस) अनुसारए भूकंपको केंद्र १० किलोमीटरको गहराईमा स्थित थियो । पछिल्लो केही हफ़्ताहरुमा यस क्षेत्र कयौ पटक भूकंपको झटका महसूस गरिएको छ ।

****** ० ******